बेथानचोक गाउँपालिका
काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: १ मिति: २०७५/०४/०५

## भाग-१

## बेथानचोक गाउँपालिका

# प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५

गाउँसभाबाट पारित मिति : २०७५।०३।३०
प्रमाणिकरण मिति : २०७५।०४।०५

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बेथानचोक गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम बेथानचोक गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन बेथानचोक गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बेथानचोक गाउँपालिकाको "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेथानचोक गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले बेथानचोक गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको बेथानचोक गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बेथानचोक गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि, मापदण्ड, मार्गदर्शन वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही बेथानचोक गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, मापदण्ड र मार्गदर्शन बनाई लागू गर्न सक्नेछ ।

**आज्ञाले,**
**टेकराज आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**